प्रदेश नं ३ सरकार

## सशर्त अनुदान अन्तर्गतका योजना/कार्यक्रम सञ्चालन सम्बन्धी मापदण्ड

प्रदेश सरकारको सशर्त अनुदानबाट संचालन गरिने योजना/कार्यक्रमलाई व्यवस्थित र पारदर्शी बनाउन निम्न मार्ग दर्शन सहितको यो मापदण्ड बनाइएको छ। यो मापदण्ड प्रदेश मन्त्रिपरिषद्ले पारित गरे पछि लागू हुनेछ।

### चरण एकः आयोजना/कार्यक्रमका विवरण लिने

१. स्थानीय तह र प्रदेश निर्वाचन क्षेत्रबाट मागभई आउने योजनाहरु/कार्यक्रममा निम्न कागजातहरु संलग्न गरी निम्नानुसारका विवरणहरु खुलाउनु पर्नेछः

- योजना/कार्यक्रमको नामः
- योजना/कार्यक्रमको संचालन हुने स्थानः
- योजना/कार्यक्रमको कूल लागतः
- योजना/कार्यक्रमको सम्पन्न हुन लाग्ने समयः
- योजना/कार्यक्रमवाट लाभान्वित हुने वर्ग, समुदाय र कूल लाभग्राहीको संख्याः
- योजना/कार्यक्रमको लाभ-लागत विश्लेषणः
- योजना/कार्यक्रमको बातावरणीय असरः
- योजना/कार्यक्रम स्थानीयतहबाट संचालन गर्ने प्रतिवद्धता पत्रः

२. योजना/कार्यक्रमले विकास निर्माणसँग सम्बन्धित भौतिक पूर्वाधार निर्माणलाई प्राथमिकता दिएको हुनु पर्नेछ। विगतमा बजेट विनियोजन भई पूर्ण हुन नसकेको योजना/कार्यक्रमहरु पनि सशर्त अनुदान अन्तर्गत माग गर्न सकिनेछ।

३. स्थानीय तह र प्रदेश निर्वाचन क्षेत्रबाट मागभई आएका योजनाहरु मध्येबाट आर्थिक मामिला तथा योजना मन्त्रालयले प्रारम्भिक छानबिन गरी प्रदेश मन्त्रिपरिषदमा स्वीकृतार्थ पेश गर्नेछ।

४ प्रदेश मन्त्रिपरिषदबाट स्वीकृत भई आएमा ती योजना/कार्यक्रमहरु सशर्त अनुदानको अन्तर्गत कार्यान्वयनमा जानेछन् र तिनमा बजेट निकासा दिइनेछ।

### चरण दुईः योजना/कार्यक्रमको कार्यन्वयन

५. योजना/कार्यक्रमको कार्यन्वयन चरणमा कार्यान्वयन गर्ने स्थानीय तहले निम्न शर्तहरुको पालना गर्नु पर्नेछ।



सचिव

- स्थानीय तहले सशर्त अनुदान वापत प्राप्त गरेको रकमलाई आफ्नो वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरी मात्र खर्च गर्नु पर्नेछ। तर चालु आर्थिक वर्ष २०७६/२०७७ को हकमा गाँउ सभा वा नगर सभा गरी कार्यक्रममा समावेश गर्न सकिनेछ।
- अनुदानको रकम जुन योजना वा कार्यक्रमका लागि प्राप्त भएको हो सोही योजना/ कार्यक्रमका लागि मात्र खर्च गर्न सकिनेछ। योजना/कार्यक्रमको लक्ष्य, उद्धेश्य, परिणाम लगायतका विषयहरुमा फरक पर्ने गरी सो बाहेकका अन्य योजना/कार्यक्रममा खर्च गर्न पाइने छैन। यो रकमान्तर वा कार्यक्रम संशोधन गरिने छैन।
- प्रदेश लेखा नियन्त्रक कार्यलय वा निजले तोकेको कार्यालयले कुनै योजना/कार्यक्रमको निमित्त हस्तान्तरण हुने अनुदान वापतको रकम स्थानीय संचित कोषमा दाखिला गर्नु पर्नेछ।
- गत आर्थिक वर्षको निकासाको रकम फरफारक नभई चालु आ.व. को रकम निकासा गरिने छैन।
- अघिल्लो किस्ता सम्मको निकासा भएको रकमको प्रगति विवरण नवुझाउँदा सम्म बाँकी किस्ता वापतको रकम निकासा गरिने छैन।
- सशर्त अनुदानको रकम दुई किस्तामा निकासा गरिनेछ। पहिलो किस्ता भाद्र समान्त भित्र र दोश्रो किस्ता फाल्गुन मसान्त भित्र निकासा गरिनेछ। तर आर्थिक वर्ष २०७६/७७ को हकमा भने पहिलो किस्ता मंसिर मसान्त भित्र निकासा गरिनेछ।
- सशर्त अनुदान वापतको रकम चालू आ.व. को असार मसान्तसम्म खर्च नभई वा विनियोजित रकम भन्दा कम रकममा कार्य सम्पन्न भएमा सो वचत भएको रकम प्रदेश लेखा नियन्त्रक कार्यालय वा निजले तोकेको ईकाई कार्यालय मार्फत प्रदेश संचित कोषमा दाखिला गर्नु पर्छ। यसरी दाखिला नगरेमा दाखिला हुनु पर्ने रकम अर्को वर्ष हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदानबाट कट्टा गरिनेछ।
- आर्थिक मामिला तथा योजना मन्त्रालयवाट सशर्त अनुदान वापत छनौट गरिएका योजना कार्यक्रमका सम्बन्धमा द्धिविधा पर्न गएमा सोही मन्त्रालयमा सम्पर्क गरी मन्त्रालयको निर्णय अनुसार गर्नु पर्नेछ।
- प्राविधिकरुपले जटिल प्रकारका निर्माणकार्यहरु जसको जटिल किसिमको गुणस्तर परिक्षण गर्नु पर्ने हुन्छ वा जसको निर्माण पश्चात् मर्मत सम्भार उपभोक्ता समितिवाट हुन सक्दैन वा जुन योजना वा कार्यक्रमको निर्माण कार्य सम्पन्न भए पछि उपभोक्ता समितिमा हस्तान्तरण हुन सक्दैन वा जसको निर्माणमा ठूला ठूला मेसिनरीहरुको प्रयोग गर्नु पर्ने हुन्छ, त्यस्ता



सचिव

निर्माण कार्यहरु गर्दा गराउँदा उपभोक्ता समितिबाट नगराई खुल्ला बोलपत्र आह्वान गरी मात्र निर्माण गर्नु गराउनु पर्नेछ।

### चरण तीनः योजना कार्यक्रको अनुगमन मूल्यांँकन मापदण्ड

६. आर्थिक मामिला तथा योजना मन्त्रालयले योजना/कार्यक्रम कार्यन्वयनको क्रममा वा सम्पन्न भए पश्चात् सो को प्रभावकारिता बारे स्थानीय जनताहरुमा पुगेको प्रभाव र असरवारे अध्ययन गर्न सक्नेछ।

७. प्राविधिक प्रकृतिको विकास निर्माण सम्बन्धी योजना/कार्यक्रमको अनुगमन गर्दा आर्थिक मामिला तथा योजना मन्त्रालयले सम्बन्धित विषयगत मन्त्रालयसँग योजना/कार्यक्रम अनुसारको विज्ञ उपलव्ध गराउन अनुरोध गर्न सक्नेछ। यसरी अनुरोध आएमा सम्बन्धित मन्त्रालयले विज्ञ उपलव्ध गराउनु पर्नेछ।

८. योजना तथा कार्यक्रमको अनुगमन पश्चात् अनुगमनमा खटिने टोलीले सो को अनुगमन प्रतिवेदन तयार गर्नेछ। अनुगमन प्रतिवेदनको आधारमा आर्थिक मामिला तथा योजना मन्त्रालयले दिएको निर्देशन पालन गर्नु सम्वन्धित स्थानीय तहको कर्तव्य हुनेछ।

### चरण चारः योजना कार्यक्रमको अन्तिम प्रतिवेदन सम्बन्धी मापदण्ड

९. स्थानीयतहले सशर्त अनुदानवाट सन्चालन गरेको योजना कार्यक्रमको वाँकी निकासा लिनु पहिले निकासा भएको रकमको प्रतिवेदन प्रदेश लेखा नियन्त्रक कार्यालय र आर्थिक मामिला तथा योजना मन्त्रालयमा पेश गर्नु पर्नेछ।

१०. योजना/कार्यक्रम संचालन गर्ने स्थानीय तहले योजना कार्यक्रम समाप्त भएको २ (दुई) महिना भित्र कार्य सम्पन्न प्रतिवेदन (completion report) आर्थिक मामिला तथा योजना मन्त्रालयमा अनिवार्य रुपमा पेश गर्नु पर्नेछ। कार्य सम्पन्न प्रदिवेदन प्राप्त नभएसम्म योजना कार्यक्रम सम्पन्न भएको मानिने छैन।

सचिव